मिति २०७६ माघ १४ गते यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी. ज्यूको अध्यक्षता बसेको नगर कार्यपालिकाको बैठकमा देहायका उपस्थितीमा तपसिल बमोजिमका निणर्यहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री गेहेन्द्र बहादुर डांगी | सदस्य सचिव | |

Scanned with CamScanner

लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ ।

**कार्यपालिका बैठकको निर्णय मिति : २०७६।१०।१४ गते ।**

**निर्णय नं. १ :** यस लमही नगरपालिकामा प्राविधिक जनशक्ति सब-इन्जिनियर र असिष्टेन्ट सव-इन्जिनियरमा देहाए अनुसार भएको र जम्मा रिक्त दरबन्दि अनुसार मिति २०७५।०८।०५ मा करारमा प्रविधिक जनशक्ति भर्ना गर्ने गरि खोलिएको विज्ञापनमा तोकिएको माग संख्या खुद रिक्त दरवन्दीसँग नमिल्दो देखिएकाले उक्त विज्ञापन संशोधन गरि सब-इन्जिनियर ३ (तिन) जना र असिष्टेन्ट सव-इन्जिनियर १ (एक) जना करारमा लिने गरि कार्यविधी अनुसार छनौट प्रक्रिया अगाडि बढाउन स्वीकृति दिने,

**तपशिल**

| क्र.सं. | पद | कुल दरबन्दी | लोक सेवामा माग गरि विज्ञापन भएको संख्या | रिक्त हुने दरवन्दी | २०७५।०८।०५मा करारमा भर्ना सम्वन्धि विज्ञापनमा तोकिएको संख्या | यस कार्यालयबाट मिति २०७५।०८।०५ मा गरिएको विज्ञापन अनुसार परेका दरखास्त वाट करार सेवामा लिनुपर्ने संशोधित संख्या |
|---|---|---|---|---|---|---|
| १. | सब-इन्जिनियर | ६ | ३ | ३ | २ | ३ |
| २. | अ.सव-इन्जिनियर | ५ | ४ | १ | ८ | १ |

**निर्णय नं. २ :** यस लमही नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालय एवं वडा कार्यालयहरुबाट सम्पादन गरिने कार्यक्रम तथा कार्यालयगत गतिविधीहरुको सम्प्रेषणको लागि E–Governance (Website, E-Mail, SMS आदि ) पद्धतीको अवलम्वन गर्ने र अव उप्रान्त छुट्टै लिखित पत्र पठाइरहनु नपर्ने,

**निर्णय नं. ३ :** यस लमही नगरपालिकाले ठेक्का नं. -09/LAMAHI/NCB/2076-077 को "Black top work of Rihar-Koltara-Taruliya Road" कार्यको लागी मागेको वोलपत्र अनुसार प्राप्त भएका बोलपत्र मध्ये पुना निर्माण सेवा, लमही-६, दाङले पेश गरेको दरभाउ मूल्याङ्कन समितिको अध्यायन र विश्लेषण अनुसार रितपूर्वक रहेको र प्राविधिक रुपले मुल्याङकन

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सफल भएता पनि उक्त निर्माण सेवाले पेश गरेको Letter of Bid Contract No. मा 09/LAMAHI/NCB/2076-077 हुनुपर्नेमा 04/LAMAHI/NCB/2076-077 भएको कारणले मात्र त्यस निर्माण कम्पनीलाई ठेक्का नदिई दोस्रो बोलपत्रदाता रहेको कम्पनीलाई स्विकृत दिदा रु ३,६७,९३४.६१।- बढी पर्न जाने कुरालाई मध्य नजर गरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम ६ मा गम्भिर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएका बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही बोलपत्र मानिने प्रावधान रहेको हुदा सोही नियम बमोजिम पुना निर्माण सेवाले पेश गरेको Letter of Bid स्वीकार गरी सो कम्पनीले कबोल गरेको रकम सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ अनुसार सम्झौता गर्न स्वीकृति दिने,

**निर्णय नं. ४ :** राप्ति नदी बनघुस्री घाटबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलनको लागि ठेक्का नं. रा/०३/लमही/२०७६/७७ मा सोमाइथान निर्माण सेवा, राजपुर गा.पा.-२, दाङले सूचना शर्त नं. ४ अनुसार कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.बा. बैंक लमही शाखाको धरौटि खाता नं. ४२९०३०३००७१०२ मा जम्मा गर्नु पर्नेमा यस कार्यालयको रा.बा. बैंक लमही शाखाको मुल संचितकोष खाता नं. ४२९०३०४०१८१०२ मा मिति २०७६/०९/१३ गते दाखिला गरेको सक्कल भौचर पेश गरेकोमा सूचना बमोजिम बैक धरौटि रकम जम्मा हुन गएको खाता नं./शिर्षक फरक पर्न गएतापनि यस कार्यालयमा समयमै रकम प्राप्त हुन आएको र उक्त सोमाइथान निर्माण सेवालाई धरौटि जम्मा गर्ने शिर्षक फरक परेकै कारण दोस्रो दरभाउ पत्रदाता श्री पुना निर्माण सेवा, लमही-५, दाङले रकम रु. ९,५७,०००।- कवोल गरेको हुदा उक्त दरभाउ पत्र स्विकृत गर्दा रकम रु. २,९४,१५१।- कम आम्दानी प्राप्त हुन गई कार्यालयलाई आर्थिक हानी नोक्सानी पर्न जाने कुरालाई मध्य नजर गरि उक्त श्री सोमाइथान निर्माण सेवाले जम्मा गरेको बैक धरौटि रकमलाई मुल संचित कोषमा जम्मा गरेको भएता पनि निज दरभाउदाताको मनसाय धरौटि नै देखिएकोले उक्त मुल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

संचित कोषमा जम्मा गरिएको रकमलाई धरौटिकै रुपमा स्विकृत गरी श्री सोमाइथान निर्माण सेवाको दरभाउ पत्र लिन स्विकृति दिने ।

**निर्णय नं. ५** : यस लमही नगरपालिकामा संचालन हुन गईरहेको खानेपानि, सरसफाई र स्वच्छता (WASH) योजनाको लागि तपशिलका वडा कार्यालयहरु बाट आएका देहाय वमोजिमका गणक सिफारिसहरु अनुमोदन गरी प्रमुख प्रशासकीय अधिकृतलाई सेवा करार सम्झौता गर्न स्वीकृति दिने,

<u>तपशिल</u>

**(क) वडा नं. १ बाट सिफारिस**

१. राजु कुमाल, लमही-१

२. सुनिता कुमाल, लमही-१

३. ईच्छा अधिकारी, लमही-१

**(ख) वडा नं. ७ बाट सिफारिस**

१. मधु गिरी, लमही-७

२. कृष्ण कुमारी चौधरी, लमही-७

३. रञ्जिता चौधरी, लमही-७

**(ग) वडा नं. ८ बाट सिफारिस**

१. सविता चौधरी

२. लक्ष्मानी थारु कुमाल

३. अन्जना कुमारी चौधरी

**(घ) वडा नं. ९ बाट सिफारिस**

१. तुलसी कुमारी रोका, लमही-९

२. हिमा कुमारी रेउले, लमही-९

३. विपिन चौधरी, लमही-९

८।१०।१४

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ६ :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभागको प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाई ललितपुरको मिति २०७६।०९।२१ को सूचना अनुसार यस लमही नगरपालिका वार्ड नं. ३ को कौडियाको प्रतिक्षालयदेखी दक्षिण कान्तीपुर हुदै वडा नं. २ को वनकट्टीदेखी रिङ्गरोड जोड्ने बाटो स्तरोन्नतिका लागि माग गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner